# प्रतिप्रहारका मूलभुत कुराहरु

Backfire Basics

**Brian Martin**

2012
Translator: Suman Parajuli
Evaluator: Yogita Rai

## प्रतिप्रहारका मूलभुत कुराहरु

प्रतिप्रहारका लागि मूख्य कुराहरु

- प्रकाशन : अन्यायलाई प्रकाशमा ल्याउनु (उत्घटित गर्नु), आवरणलाई/ढाकछोपलाई चुनौती दिनु
- निकास : लक्ष्यलाई मान्यता प्रदान गर्नु, अवमूल्यनलाई चुनौति दिनु
- फरक व्याख्या : अन्यायलाई महत्व दिनु, पुनः व्याख्यालाई चुनौति दिनु
- अनुप्रेषण : समर्थनलाई परिचालन गर्नु, औपचारिक प्रणालीहरु देखि सावधान रहनु
- प्रतिरोध : त्रास र घुसखोरि बिरुद्ध उभिनु

प्रतिप्रहारको नमुना अन्यायको बिरोधका युक्ति/रणनितिहरुका बारेमा हो ।

**प्रतिप्रहार :** एउटा प्रहारले प्रतिप्रहार गर्न सक्छ भनेर भन्न सकिन्छ जब यसले प्रहार गरिएको प्रति झन् धेरै समर्थन वा आकर्षण सिर्जना गर्दछ । कुनै पनि अन्याय अथवा नियम उल्लंघनले पिडकमाथीनै प्रतिप्रहार गर्न सक्छ ।

प्रतिकुल सार्वजनिक अभिमत अथवा विपक्षीहरुको अधिक गतिबिधिका बिच प्रतिप्रहार स्पष्ट देख्न सकिन्छ । कुनै बेला एक पिडकले एक अन्यायबाट मुक्ति पाइरहेको जस्तो देखिए पनि दिर्घकालमा यो प्रत्युत्पादक हुन सक्छ ।

शक्तिशाली समूहबाट भएका अधिकांश अन्यायहरुले प्रतिप्रहार गर्दैनन्, किनकि तिनिहरु आक्रोस कम गर्न सक्षम हुन्छन् ।

**अन्याय माथीको आक्रोश कम गर्नका लागि ५ तरिकाहरु :**

१. कृयाकलापलाई ढाकछोप गर्नु

२. निशाना/लक्ष्यको अवमूल्यन गर्नु

३. के भएको थियो भनि पूनः व्याख्या गर्नु

४. न्यायको उपस्थिति देखाउनका लागि आधिकारिक प्रणालीको प्रयोग गर्नु

५. संलग्न मानिसहरुलाइ त्रसित बनाउनु वा पुरस्कृत गर्नु




**आक्रोश कम गराउने पाँच तरिकाहरु/विधि र तीनीहरु कसरी एउटा घटनासँग सम्बन्ध राख्छन्, यसको धारणा र यस प्रतिको प्रतिक्रिया**

**प्रतिप्रहारका लागि दुई अवस्थाहरु**

१. एउटा घटनालाइ अन्यायीक, अनुचित, अत्यधिक अथवा गैह्र-अनुपातिक रुपमा अनुभुत गरिन्छ ।

२. घटनाका बारेमा सुचना सम्बन्धित पक्षलाई सञ्चार गरिन्छ ।

**अन्याय माथीको आक्रोश बृद्धि गर्नका लागि ५ तरिकाहरु :**

१. घटना/कार्यको पर्दाफास गर्ने

२. निशाना/लक्ष्यलाइ मान्यता प्रदान गर्ने

३. घटनाको व्याख्यालाई अन्यायको रुपमा बढावा दिने

४. सार्बजनिक सरोकारलाई परिचालन गर्ने (र आधिकारिक प्रणालीहरुबाट टाढा रहने)

५. त्रास र पुरस्कारको विरोध र पर्दाफास गर्ने




एक अतिरिक्त बिचार : सञ्चारको तादाम्यता महत्वपूर्ण हुन्छ । सन्देश ग्रहणलाई प्रभाव पार्ने तीन उपयुक्त तत्व/कारकहरु हुन्:

१. ग्रहणशीलताः अन्याय, अर्थात प्रणाली, प्रति आधारभुत संवेदनशीलता । यदि मानिसहरु एक प्रकारको दुरुपयोग प्रति पहिले देखिनै चिन्तित छन् भने, नयाँ मुद्दा प्रतिको उनीहरुको प्रतिक्रिया सशक्त/बलियो हुन्छ । सामाजिक अभियान/आन्दोलनहरुले ग्रहणशीलता सिर्जना गर्न वा बृद्धि गर्न अथवा बढाउन सक्छ ।

२. सुचनाको वाताबरण : दृश्यता, प्रमुखता (अन्य कथाहरुको तुलनामा) । अन्य के भइरहेको छ ? यदि समाचारमा अन्य महत्वपूर्ण बिषयहरु छन् भने, एउटा अन्यायको बिषयले सञ्चार माध्यमको ध्यान कम पाउन सक्छ ।

३. कार्य क्षमता (कार्यान्वयन क्षमता) : सामाजिक अभियान/आन्दोलनहरुको उपस्थिति, कार्यान्वयनका लागि अवसरहरु । जब कार्यकर्ताहरु कार्य गर्न तयार हुन्छन्, एउटा हठातको अन्यायले प्रतिप्रहार गर्ने सम्भावना अधिक हुन्छ ।

**एउटा उदाहरण : न्यालीका शान्तिपूर्ण प्रदर्शनकारिहरुलाई प्रहरिले पिट्यो**

| प्रहरि र सरकार | प्रदर्शनकारिहरु र रक्षकहरु |
|---|---|
| पिटाइको ढाकछोप : गोप्य आक्रमण, सेन्सर व्यवस्था, सञ्चारका माध्यमहरुको राडारभन्दा टाढा/तल राख्नु अथवा थाहा नदिनु | पिटाइको पर्दाफास : प्रत्यक्षदर्शीहरु, तस्बिरहरु, डाक्टरको बयान, कथाहरु |
| अवमूल्यन : प्रदर्शनहरुलाई असंयमित भिड, आतंककारि, भाडाको जमात का रुपमा इंगित गर्नु (आरोप लगाउनु) | प्रदर्शनकारिहरुलाई मान्यता प्रदान गर्नु : असल व्यवहार, क्षमता बिकास, बार्तालाप, प्रतिबद्धता |
| पूनः व्याख्या : झुट, भएको क्षतिको न्यूनिकरण, प्रहरी परिप्रेक्ष्यको प्रयोग | अन्यायलाई जोड दिनु : शान्तिपूर्ण प्रदर्शनकारि माथिको पिटाई अप्रजातान्त्रिक हो । |
| आधिकारिक प्रणालीहरु : मध्यस्थकर्ताको रुपमा न्यायालयहरुलाई प्रस्ताव गर्नु, छानबिन समिति गठन गर्नु, | सार्वजनिक समर्थनको परिचालनः कथाहरु, बैठकहरु, अन-लाइन सुचनाहरु, विरोधहरु |
| त्रास र पुरस्कार : अभियोग लगाउने ( मुद्दा चलाउने) धम्कि, सम्झौताका प्रस्तावहरु | विरोध : विरुद्धमा बोल्ने, आवाज उठाउने |

प्रकाशन, निकास, फरक व्याख्या, अनुप्रषण र प्रतिरोध, अंग्रेजीका पाँच R लाई (Revealing, Redeeming, Reframing, Redirecting and Resisting) अन्यायको प्रतिक्रिया अथवा रोकथामको एउटा तरिकाको रुपमा प्रयोग गर्न सकिन्छ ।

उदाहरणका लागि, प्रहरि आक्रमण रोकथाममा सहयोगका लागि, प्रत्यक्षदर्शी र क्यामराहरु तयार राखेर, छबि उच्च बनाउने तरिकाले पोषाक लगाएर र त्यहि अनुसारको व्यबहार सहित तयार रहनुपर्छ ।

**प्रतिप्रहार सम्बन्धि प्रकाशनहरु**

सेन्सर व्यवस्था, चरित्र हत्या, यौन उत्पीडन, स्कट पार्किनको निर्वासन (देश निकाला), प्रहरीको पिटाई, शान्तिपूर्ण प्रदर्शनकारिहरुको नरसंहार, यातना, नरसंहार र अन्य बिषयहरुका विरुद्धको संघर्षहरुमा प्रयोग भएका युक्ति/रणनितिहरुको विष्लेषण प्राप्त गर्नका लागि http://www.bmartin.cc/pubs/backfire.html हेर्नुहोस, अथवा खोज प्रणाली (Search Engine) मा “Brian Martin backfire” राखि खोज्नुहोस ।




अष्ट्रेलिया बाट : स्कट पार्कीनको निर्वासन (देश निकाला) विरुद्ध भएको एउटा प्रदर्शन

ब्रायन मार्टिन, bmartin@uow.edu.au, फोन नं. ०२-४२२१३७६३

२६ फेब्रुअरि २०१२ को संस्करण